# नगराईन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## नगराईन,धनुषा

००९७७-४१-४०००७७
फ्याक्स -००९७७-४१-४०००७६
Email- nagarainmun@gmail.com
प्रदेश नं. २, नेपाल

**प.स.**
**च.नं.**

**बिषय ;- औषधि खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान सुचना**
**प्रथम पटक प्रकाशित मिति : २०७९/२/३०**

चालु आ.व. २०७८/०७९कालागि यस नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधिहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**निम्न :**

१) दरभाउपत्र फारम खरिद गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले आ.व.२०७८/०७९ का लागि नवीकरण गरिएको फर्म, संस्था वा कम्पनि दर्ताको प्रमाणपत्र, औषधि व्यवसायी प्रमाणपत्र, मुख्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र तथा आ. व. २०७७/०७८ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलगन गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म तपसिलमा उल्लेख भए वमोजिमको दरभाउपत्र सम्वन्धित कागजपत्र (दरभाउ पत्र फारम) खरिद गर्न सकिनेछ ।

२) खरिद गरिएका दरभाउ पत्रमा उल्लेख भएका सबै विवरणहरु अध्ययन गरी दरभाउ पत्र दाताले प्रत्येक पानामा सही छाप गरी, शिलवन्दी गरी खाम बाहिर फर्म, संस्था वा कम्पनीको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी १६ (सोह्र) औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएको दरभाउ पत्रहरु सोहि दिन दिनको २:०० वजे नगरकार्यपालिकाको कार्यालयमा उपस्थित दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको +दरभाउ पत्रहरु खोलिनेछ । उक्त समयमा  दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको दरभाउ पत्रहरु खोलिने कार्यमा बाधा पर्ने छैन ।दरभाउ पत्र सम्बन्धित कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय  खुलेको दिन सोहि समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

३) शिलवन्दी दरभाउ पत्र साथ तपशीलमा उल्लेखित धरौटी रकममा नघटाई मेगा बैंक नेपाल लि. नगराईन, धनुषा स्थित रहेको यस कार्यालयको ग-३ धरौटि खाता नं. ०५६००१११३८७२५ खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपालभित्रको “क” वर्गको कुनै वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिन म्याद भएको) पेश गर्नुपर्नेछ ।

४) दरभाउपत्रदाताले दरभाउ पत्र दाखिला गर्दा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा औषधि व्यवसाय सम्बन्धी पेश वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र दरभाउ पत्र सम्वन्धि कागजात साथ शिलवन्दी गरि पेश गर्नु पर्नेछ । उल्लेखित कागजातहरु पेश नगर्ने दरभाउ पत्र दाताको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

५) एक फर्म, संस्था वा कम्पनीको नाम बाट खरिद गरेको दरभाउ पत्र अर्को फर्म, संस्था वा कम्पनीको नामवाट दर्ता हुनेछैन ।

६)	दरभाउ पत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर रेट पेश गर्नुपर्नेछ ।

७)	आपूर्ति गरिने औषधि ढुवानी खर्च तथा सम्पूर्ण करहरु दरभाउ पत्र दाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

८)	औषधि दाखिला हुन आउँदा सम्म औषधिको म्याद १८ महिना भन्दा बढीको हुनुपर्नेछ । तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा Expiry Date को ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ । सो भन्दा कम अवधिको औषधि स्वीकार्य हुने छैन ।

९)	सम्पूर्ण औषधिहरु WHO GMP Certified कम्पनीहरुवाट उत्पादित सामानहरु मात्र स्वीकार्य हुनेछ ।

१०)	दरभाउपत्रदाताले कवोल गरेको दर रेट अंक र अक्षर दुवैमा र नेपाली मुद्रामा प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दायाँ वायाँ अधिकारीक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ ।

११)	दरभाउ पत्र दाताले दरभाउ पत्रमा उल्लेखित सम्पूर्ण आइटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

१२)	रित नपुगेको तथा म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएका शिलवन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।

१३)	दरभाउ पत्र दाताले दरभाउपत्र फारममा प्रत्येक औषधि आइटम वाइज उत्पादन कम्पनी (WHO GMP and ISO Certified Company) को नाम अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । यसरी कम्पनी उल्लेख नभएको वा आंशिक वा अधिकांश उल्लेख भएको दरभाउ पत्रहरु उपर कुनै कारवाही हुने छैन । सुई, धुलो तथा झोल औषधिहरु बाहेक अन्य औषधिहरु स्ट्रिपमा आपुर्ति गर्नुपर्नेछ ।

१४)	आपुर्ति हुने औषधिहरुको प्रत्येक प्याकिंग वाहिर उत्पादन मिति, Expiry Date, Batch No. लेखिएको हुनुपर्नेछ ।

१५)	प्राप्त हुन आएका दरभाउ पत्र कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रदद गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। दरभाउ पत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक औषधिहरुको परिमाण पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ । साथै औषधिहरु स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसार खरिद हुनेछ ।

१६)	दरभाउ पत्र सम्बन्धी कागजात, स्पेसिफिकेसन, परिमाणको मुल्यपत्र, सुचना आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यलयको निर्णय अन्तिम र मान्य हुनेछ ।

१७)	यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६४ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ। यस सुचनामा केहि थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

१८)	दरभाउ पत्र सम्वन्धि अन्य केहि कुरा बुझ्न परेमा कार्यालय समयभित्र कार्यलय वा फोन नं. ९८५४०२९०५४ मा सर्म्पक राखी बुझ्न सकिनेछ ।

| ठेक्का नं. | ठेक्काको नाम | लागत अनुमान रकम रु. | धरौटी रकम रु. | दरभाउ पत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| स्वास्थ्य ०१/२०७८/०७९ | निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरीद | २३९९९९७।- | ११९५००।- | १०००.०० |